नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट

फोन ०१० ५६००३३
०१० ५६०३३३
फ्याक्स ०१० ५६०२६६
Website:-
daonuwakot.moha.gov.np
E-mail:-
nuwakotcdo@gmail.com

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नुवाकोट

## राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अपरेटर (कम्प्युटर अपरेटर) पदको सेवा करारमा पूर्ति गर्नका लागि दरखास्त आह्वान गरिएको सूचना

सूचना प्रकाशन गरिएको मिति :- २०७७ जेठ २७ गते

नुवाकोट जिल्लामा राष्ट्रिय परिचयपत्रको लागि नागरिकका जैविक तथा वैयक्तिक विवरण संकलन गर्न जिल्ला प्रशासन कार्यालय, नुवाकोट, विदुरमा रहने स्थायी विवरण दर्ता स्टेशन सञ्चालन गर्नका लागि विवरण दर्ता अपरेटर (कम्प्युटर अपरेटर) पद खुला प्रतिस्पर्धाद्वारा करारमा सेवा लिनुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट मिति २०७७ असार १ गतेभित्र जिल्ला प्रशासन कार्यालय, नुवाकोटमा दरखास्त पेश गर्न सूचना प्रकाशन गरिएको छ।

१. दरखास्त आह्वान गरिएको पद :- विवरण दर्ता अपरेटर (कम्प्युटर अपरेटर) माग पद संख्या एक (१) मात्र

२. आवश्यक न्यूनतम योग्यता
   - क. उम्मेदवारको उमेर हद :- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको महिलाको हकमा ४० वर्ष ननाघेको
   - ख. न्यूनतम शैक्षिक योग्यता र तालिम
     - १. क कम्प्युटर वियष लिई कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा
       ख प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी मान्यताप्राप्त संस्थाबाट कम्तिमा छ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।
     - २. सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको।

३. परीक्षाको किसिम, स्थान मिति र समय :- सीप परीक्षण र अन्तरवार्ता, जिल्ला प्रशासन कार्यालय, नुवाकोट। दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट दिनको १०:०० बजे।

४. तलब :- रा.प. अनं. प्रथम श्रेणीको सुरु स्केल बमोजिम।

५. करार सम्झौता र अवधि :- हाललाई २०७७ असार मसान्तसम्मका लागि करार सम्झौता हुने र कार्यसम्पादन सन्तोषजनक भएमा आवश्यकताअनुसार सम्झौता थप गर्न सकिने।

६. काम गर्नपर्ने स्थान, कामको प्रकृति :- जिल्ला प्रशासन कार्यालय, नुवाकोट वा कार्यालयले तोकेको स्थान। राष्ट्रिय परिचयपत्रको विवरण दर्तासम्बन्धी, करार सम्झौताबमोजिम।

७. विदा, सुविधा र अन्य कुराहरू :- करार सम्झौताबमोजिम।

८. दरखास्त पेश गर्ने अन्तिम मिति :- २०७७ असार १ गते वा सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सोपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयमा।

९. आवेदन फाराम र दस्तुर :- फाराम कार्यालयमा र कार्यालयको वेबसाइटमा नि:शुल्क उपलब्ध छ। फाराम बुझाउन कुनै दस्तुर लाग्नेछैन।

१०. आवेदन गर्ने तरिका :- आवेदन फाराम भरी जिल्ला प्रशासन कार्यालय, नुवाकोटमा पेश गर्ने ।

११. थप जानकारीका लागि सम्पर्क :- ९८५१२४८७७७, ९८४१५८६३१२, ९८५१२४२२२७

यो सूचना र सम्बद्द जानकारी कार्यालयको सूचना पाटी तथा वेबसाइट *daonuwakot.moha.gov.np* मा उपलब्ध छ।

२०७७/०२/२६